# छिन्नमस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल

Website : www.chhinnamastamun.gov.np

प.सं. (Letter No.) : २०७९।०८०
चलानी नं. (Ref. No.) :

मिति (Date) : २०८०/०२/२३

विषयः प्रस्ताव आह्वान सम्बन्धमा ।
(दोस्रो पटक प्रकाशित मिति २०८०/०२/२३)

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. ०७९ ०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि विपन्न समुदायको महिला समूह वा सहकारीलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान बजेट रु ६,२५,०००/- (छ लाख पचिस हजार मात्र) प्राप्त रहेको र देहाय छनौट मापदण्डका आधारमा कार्यान्वयन गर्नु पर्ने भएको हुँदा आवश्यकता सहित ईच्छुक महिला समूह वा सहकारी संस्थाहरूले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यस गाउंपालिका क्षेत्र भित्रका सबै महिला समूह वा सहकारी संस्थाहरुमा जानकारी साथ अनुरोध छ ।

| क.सं. | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान | रु.६,२५,०००/- | छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी | |

**प्रस्ताव उल्लेख हुनु पर्ने कुराहरू**

- प्रस्ताव पेश गर्ने छिन्नमस्ता गाउंपालिका अन्तर्गतको महिला समूह वा सहकारी संस्था हुनु पर्नेछ ।
- दलित/विपन्न/सिमान्तकृत महिलाहरुको नाम, ठेगाना, सम्पंक नम्बर २५ जनाको उल्लेख गरेको हुनुपर्नेछ ।
- महिला समुह वा सहकारी संस्थाका सदस्यहरु मध्ये विपन्न सुनौलो हजार दिनका (आमाको गर्व रहे देखि बच्चा २ वर्षको अवधि) आमाहरु तथा किशोरीहरु २५ जना सदस्यलाई मात्र अनुदान व्यवस्था मिलाउने महिला समूह वा सहकारी संस्थाको व्यवस्थापन समितिको निर्णय सहितको प्रस्ताव हुनुपर्नेछ ।
- संक्षिप्त व्यवसायीक कार्य योजना समेत पेश गर्नुपर्नेछ ।
- प्रस्ताव पेश गर्ने महिला समूह वा सहकारी संस्थाले सरकारी निकाय बाट हाल सम्म अनुदान प्राप्त नभएको हुनुपर्नेछ ।
- समुह वा सहकारी संस्थाको निवेदन/प्रतिवद्धता पत्र, समूह वा सहकारी संस्थाको एक बैठकको निर्णय प्रतिलिपी, साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपी, आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी, पान नं., आ.व.२०७८/०७९ को कर चुक्ता गरको प्रमाणपत्र प्रतिलिपी, दर्ता/नविकरणको प्रमाण पत्रको प्रतिलिपी सबै विवरण खुलाएर पेश गर्नुपर्नेछ ।
- विपन्न सुनौलो हजार दिनका आमा तथा किशोरीहरुको घर परिवारका २५ जना सदस्यको नाम र व्यवसायको योजना सहितको नाम पेश गर्नुपर्नेछ।
- बहुक्षेत्रीय पोषण योजना सम्बन्धी आयमुलक कार्यक्रम संचालन कार्यविधि, २०७७ बमोजिम लागु हुनेछ ।

नोट : थप जानकारीको लागि सम्पर्क नम्बर ९८११७२३३१० ९८२५७११११६

**बोधार्थ**

श्री छिन्नमस्ता गाउँपालिका अध्यक्ष ज्यू (जानकारीको लागि)
श्री छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष ज्यू (जानकारीको लागि)
श्री वडा कार्यालयहरू (१-७) सम्पूर्ण, छिन्नमस्ता गाउपालिका, सप्तरी ।
श्री सूचना प्रविधि शाखा website मा सूचना Upload गरि दिनु हुन ।

०८०।२।२३
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत